# चौतारा साँगाचोकगढी नगरपालिका
## Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
चौतारा, सिन्धुपाल्चोक
Chautara, Sindhupalchok

पत्र संख्या (Letter No.): ०७९/८०

वागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

## आन्तरिक आय तर्फको विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०२/०३ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा भएको व्यवस्था, यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५ (संसोधित सहित), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, वागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९(१) र सो सँग सम्बन्धित अनुसूची-५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था र यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८०/०१/२६ को नगर कार्यपालिका बैठकको निर्णयानुसार आ.व. २०८०/०८१ को आन्तरिक आय असुल सम्बन्धी कार्य देहाय बमोजिम उल्लेखित ठेक्काद्वारा गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेको इच्छुक फर्महरूले विद्युतिय माध्यम (E-Bidding) द्वारा मात्र बोलपत्र पेश गर्नुपर्नेछ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८०/०८१ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) विक्री परिमाण (घन फिटमा) | आ.व. २०८०/०८१ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन् संकलन समेत विक्री मुल्य रू. | ढुङ्गा, गिट्टी वालुवा स्लेट ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत् हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १/२०८०/०८१ | इन्द्रावती नदीको बनदेऊको ५९ कि.मी. देखि भ्याडी खोला सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | १७२११८६६.०२ (एक करोड बहत्तर लाख एघार हजार आठ सय छैसठ्ठी दशमलव दुई घन फिट) | ९।- (नौं) | १५,४९,०६,७९४.१८ (पन्ध्र करोड उनान्पचास लाख छ हजार सात सय चौरानब्बे रुपैंया अठाह्र पैसा) | १०,०००।- (दश हजार) |
| २/२०८०/०८१ | सुनकोशी नदीको साँगाचोकको सिम्ले देखि बलेफी सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | ५२८४४७७.०७ (बाउन्न लाख चौरासी हजार चार सय सतहत्तर दशमलव सात घन फिट) | ९।- (नौं) | ४,७५,६०,२९३.६१ (चार करोड पचहत्तर लाख साठी हजार दुई सय त्रियानब्बे रुपैंया एकसठ्ठी पैसा) | ५,०००।- (पाँच हजार) |

**ठेक्का सम्बन्धी शर्तहरू :**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कबोल अंक र अक्षर दुवैमा खुलाउनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । साथै उक्त आय ठेक्काहरूमा जुन कबोल अंक बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।

२. ठेक्का अवधि प्रचलित कानून बमोजिम (२०८० साल श्रावण १ देखि २०८१ साल आषाढ मसान्त सम्म) कायम रहनेछ । ठेक्का अवधिमा आषाढ, श्रावण र भाद्र महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईनेछैन । प्रचलित कानून अनुसार क्रसरहरूमा रहेका मौजात समेत (ठेक्कामा तोकिएको परिमाणमा नबढ्ने गरी) विक्री वितरण गर्न वाधा पर्ने छैन । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकाले बन्द हड्ताल आदिका कारण केहि दिन काम सूचारू नभएको अवस्थामा कुनैपनि किसिमको दावी विरोध गर्न पाईनेछैन । तर संघीय सरकार, प्रदेश सरकार, यस नगरपालिका तथा अदालतको आदेश वा निर्णय र अन्य कुनै कारणबाट ठेक्का अवधि भित्र सम्झौता उल्लेख भएको परिमाण उठाउन नपाएमा दोस्रो पक्षले उचित र प्रयत्न कारण देखाई माग दावी गर्न वाधा पर्ने छैन ।

३. माथि उल्लेखित सबै ठेक्काहरूको कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनुपर्नेछ ।

४. धरौटी वापत कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. चौतारा स्थित बैंक धरौटी खाता नं. ०५७०३००००३०००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म

म्याद भएको वाणिज्य बैंकको जमानत (विड वण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

५. प्रचलित कानून बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रूपमा बुझाएमा ५ (पाँच) प्रतिशत सम्म रकम छुट दिईनेछ । तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनाको लागि भने छुट दिईनेछैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल बैंक लि., चौतारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५७०३००००१००१००००००१ मा दाखिला गर्नुपर्नेछ

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. ठेक्कामा कुनै विवाद भएमा चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उक्त ठेक्काहरूको E-Submission गर्ने बोलपत्रदाताले बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८०/०३/०१ गते दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नुपर्नेछ । Upload भएका बोलपत्रहरू सोही दिनको १:०० बजे चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा खोलिनेछ साथै उक्त सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाईट chautaramun.gov.np मा राखिएको छ र बोलपत्र फाराम PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् पेश गर्न सकिनेछ ।

१०. बोलपत्र फारामहरू दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमश सोही समयमा हुनेछ । तर बिड वण्डको मान्य अवधि सुरूकै मितिबाट कायम हुनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागू हुनेछ ।

१२. यस सूचना तथा वोलपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका बोलपत्रहरू मुल्याङ्कनमा समावेश गरिनेछैन ।

१३. नेपाल सरकार तथा बागमती प्रदेश सरकारबाट ढुङ्गा, गिटी, वालुवा स्लेट ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) वापतको शुल्क (कर) मा हेरफेर गरेको अवस्थामा सो शर्तहरू ठेकेदारहरूले अनिवार्य रूपमा पालना गर्नुपर्नेछ । प्रदेश सरकारबाट थपघट भएको करको अनुपातमा ठेक्का अंक निर्धारण गरिनेछ । सो बमोजिम पेश गर्नुपर्ने किस्ता रकम वा बैंक ग्यारेन्टी सम्बन्धित ठेकेदारले बुझाउनुपर्नेछ ।

१४. अन्य कुराहरू यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१५. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कुल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स वण्ड) पेश गरे पश्चात् मात्र ठेक्का सम्झौता गरी कार्यादेश दिईनेछ ।

१६. कायम हुन आएको ठेक्का अंक रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रू. |
|---|---|---|
| प्रथम | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०८० साल पौष मसान्त भित्र | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०८१ साल जेष्ठ मसान्त भित्र | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |

१७. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

१८. माथि शर्त नं. ३ मा उल्लेख गरिएको रसिदहरूबाट आम्दानी गरिएको रकम आय खातामा मु.अ. करको हिसाब निकाल्नका लागि रसिद नं. को क्रमानुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रूपमा अर्को महिनाको ७ गते भित्र यस नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

१९. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

२०. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# चौतारा साँगाचोकगढी नगरपालिका
## Chautara Sangachokgadhi Municipality
## नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
चौतारा, सिन्धुपाल्चोक
Chautara, Sindhupalchok

पत्र संख्या (Letter No.): ०७९/८०

वागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

२१. ढुङ्गा, गिटी, बालुवा, ग्राभेल रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेको स्थानमा बसी संकलन गर्न पाईनेछैन ।

२२. यस नगरपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा चौतारा साँगाचोकगढी नगरपालिकाले स्वंम् वा अमानतामा सवारी साधन मार्फत् वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी वालुवा, ग्राभेल, रोडा आदि र विदेशी दातृ निकायसँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

२३. जमानी वापत बोलपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

२४. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम अशुल उपर गरिनेछ । सो उपर ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।

२५. प्रचलित कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

२६. यस नगरपालिका भित्रका नदी नालाबाट ढुङ्गा, गिटी, वालुवा निकाली संकलन तथा विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पुलको तल १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पुर्ण रूपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलनले सो कुरालाई पुर्ण रूपमा ध्यान दिनुपर्नेछ । ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न वाधा पर्नेछैन । तर प्रारम्भिक वातारणीय परीक्षण (IEE) प्रतिवेदन प्रतिकुल हुने गरी उत्खनन् तथा विक्री संकलन गर्न पाईनेछैन ।

२७. यस कार्यालयमा पेश हुन आएको बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खुल्नेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।

२८. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीका व्यवसायी नवीकरण प्रमाण पत्र, स्थायी लेखा नं., मु.अ. कर प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

२९. वोलपत्र फाराम नियमानुसारको राजश्व तिरी PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् डाउनलोड गरी पेश गर्न सकिनेछ ।

३०. ढुङ्गा, गिटी, वालुवा, रोडा आदिको संकलन तथा विक्रीका सम्बन्धमा जिल्ला स्तरीय र नगर स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरू ठेक्का दिने पक्षले पुर्ण रूपमा पालना गर्नुपर्नेछ ।

३१. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरूको हकमा यसै अनुसार हुने र उल्लेख नभएकाहरूको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृत पश्चात् गरिने सम्झौता अनुसार हुनेछ ।

३२. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

# चौतारा साँगाचोकगढी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

सिन्धुपाल्चोक, चौतारा
बागमती प्रदेश, नेपाल

फाराम शुल्क
रु. १०,०००।-

आय ठेक्का नं. :- ०१/२०८०/०८१

आय ठेक्का शिर्षक :- इन्द्रावती नदीको बनदेऊको ५९ कि.मी. देखि झ्याडी खोला सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) कर

चौतारा साँगाचोकगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## बोलपत्र फारम

---

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू, 　　　　　　　　मिति : ..........................
चौतारा साँगाचोकगढी नगरपालिका
चौतारा, सिन्धुपाल्चोक ।

**विषय : बोलपत्र पेश गरेको बारे ।**

तहाँ कार्यालयको मिति ..........................को शिलबन्दी बोलपत्र (E-Tender)आव्हान सम्बन्धी सूचना अनुसार म्याद भित्र तोकिए बमोजिमको फारममा बोल अङ्क खुलाई देहायको कामको शिलबन्दी बोलपत्र पेश गरेको छु । बोल अङ्कको ५% धरौटी (अर्नेष्ट मनी)बापतको रकम त्यस कार्यालयको बैंक खातामा...........................................बैंक लि. ........................को मिति ..............................सम्म म्याद भएको बीड बण्ड काम सम्पन्न भएपछि वा ठेक्का अस्वीकृत भएपछि फिर्ता पाउने गरी रु...............................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न गरेको छु । अन्य कुरा निम्नानुसार उल्लेख गरेको छु ।

---

ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) को संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक)
जम्मा रु. १५,४९,०६,७९४.१८ (अक्षरुपी रु. पन्ध्र करोड उनान्पचास लाख छ हजार सात सय चौरानब्बे रुपैंया अठाह्र पैसा मात्र)

| ठेक्का विवरण | कूल कबोल जम्मा | | ५% धरौटी रकम |
|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | |
| | | | |

संलग्न कागजातहरु :-
१......................................................
२......................................................
३......................................................
४......................................................
५......................................................

बोलपत्र पेश गर्ने
फर्म वा कम्पनीको नाम:-
ठेगाना:-
आधिकारिक प्रतिनिधिको नाम :-
दस्तखत :-
मिति:-
कम्पनीको छाप:-

# Bid Security

**Bank Guarantee**

***Bank's Name, and Address of Issuing Branch or Office***
***(On Letter head of the Bank)***

[This is the format for the Bid Security to be issued on the letterhead by a Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law of Nepal]

***insert Bank's Name, and Address of Issuing Branch or Office]***

**Date:** ***[insert date]***

**Beneficiary:** ***[insert Name and Address of Purchaser]***

**BID GUARANTEE No.:** ***[insert number]***

We have been informed that ***[insert name of the Bidder]*** (hereinafter called "the Bidder") intends to submit its bid to you (hereinafter called "the Bid") for the execution of ***[insert name of contract]*** under Invitation for Bids No. ***[insert IFB number]*** ("the IFB").

Furthermore, we understand that, according to your conditions, bids must be supported by a bid guarantee.

At the request of the Bidder, we ***[insert name of Bank]*** hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of ***[insert amount in figures, (insert amount in words)]*** upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Bidder is in breach of its obligation(s) under the bid conditions, because the Bidder:

(a) has withdrawn or modifies its Bid:

i) during the period of bid validity specified by the Bidder on the Letter of Bid, in case of electronic submission

(ii) from the period twenty-four hours prior to bid submission deadline up to the period of bid validity specified by the Bidder on the Letter of Bid, in case of hard copy submission; or

(b) does not accept the correction of errors in accordance with the Instructions to Bidders (hereinafter "the ITB"); or

(c) changes the prices or substance of the bid while providing information pursuant to clause 29.1 of ITB; or

(d) having been notified of the acceptance of its Bid by the Purchaser during the period of bid validity, (i) fails or refuses to execute the Contract Agreement, or (ii) fails or refuses to furnish the performance security, in accordance with the ITB.

(e) is involved in fraud and corruption in accordance with the ITB.

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

This guarantee will expire: (a) if the Bidder is the successful Bidder, upon our receipt of copies of the contract signed by the Bidder and the performance security issued to you upon the instruction of the Bidder; and (b) if the Bidder is not the successful Bidder, upon the earlier of (i) our receipt of a copy of your notification to the Bidder of the name of the successful Bidder; or (ii) thirty (30) days after the expiration of the Bidder's bid which comes to be ***[insert the date]***.

Consequently, any demand for payment under this guarantee must be received by us at the office on or before that date.

This guarantee is subject to the Uniform Rules for Demand Guarantees, ICC Publication No. 758[7].

**. . .Bank's seal and authorized signature(s) . . .**

*[Note: All italicized text is for use in preparing this form and shall be deleted from the final product.]*